वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईंको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोला !
हामी तपाईंलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।





**तनहुँ जलविद्युत आयोजनाको मुख्य बाँध** : १४० मेगावट क्षमताको निर्माणाधीन तनहुँ जलविद्युत आयोजनको निर्माण गरिदै गरिएको मुख्य बाँध । आयोजनाको प्याकेज-१ अन्तर्गत निर्माण भइरहेको १४० मिटर अग्लो मुख्य बाँधको निर्माण कार्य करिब ६५ प्रतिशतको हाराहारमा प्रगति हासिल भएको बताइएको छ । आयोजनाको प्रमुख संरचनामध्ये रहेको मुख्य बाँध निर्माण निर्धारित लक्ष्यअनुसार अगाडि बढिरहेको बताइएको छ । प्याकेज १ अन्तर्गत बाँधलगायतका संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । मुख्य बाँध निर्माणका लागि डाँडो कटान, पहुँच सडक निर्माण, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरूङ लगायतका संरचनाको निर्माण कार्य सम्पन्न भएका छन् । मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माण कार्य सम्पन्न गर्नुका साथै दुवै किनारमा अवस्थित ग्राउटिङ टनेल आठ वटा निर्माण भएका छन् । मुख्य बाँधको कङ्क्रिटिङ कार्य २०८१ साल चैत ७ गतेदेखि सुरू गरिएको हो । *तस्विर : भञ्ज्याङ*

# नेपाली कांग्रेसको १५औं महाधिवेशन : प्रतिनिधि चयनका लागि आज निर्वाचन

**भञ्ज्याङ समाचारदाता/दमौली**

नेपाली कांग्रेसको १५औँ महाधिवेशन अन्तर्गत तनहुँमा महाधिवेशन प्रतिनिधि चयनको गतिविधि तीव्र बनेको छ । प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनबाट महाधिवेशन प्रतिनिधि चयन हुने निर्वाचन समितिले सोमबारै मतदाता नामावली प्रकाशन, दाबी-विरोध, उम्मेदवारी दर्ता तथा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरेको छ । अन्तिम नामावली प्रकाशनसंगै केही पदमा सर्वसम्मत भएपनि अधिकांश पदमा भने निर्वाचन हुने देखिएको छ ।



भएकाले दुवै निर्वाचन क्षेत्रमा आकांक्षीहरूले सोमबार उम्मेदवारी दर्ता गराएका छन् ।

क्षेत्रीय अधिवेशनबाट प्रदेश प्रतिनिधि तथा क्षेत्रीय कार्यसमिति चयनकालागि सोमबार आकांक्षिहरूले उम्मेदावरी दर्ता गराएको निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता विष्णुप्रसाद शर्माले जानकारी गराएका छन् ।

निर्वाचन कार्यक्रमअनुसार सोमबार बिहान १०:३० बजेदेखि दिउँसो १:३० बजेसम्म उम्मेदवारी दर्ताको समय तोकिएको थियो । त्यसपछि उम्मेदवारको प्रथम तथा दोस्रो नामावली प्रकाशन, दाबी-विरोध र उम्मेदवारी फिर्ताको प्रक्रिया पूरा गरी साँझ ५ बजे

बाँकी तेश्रो पेजमा

# गण्डकीमा बाढीपहिरोको कहर : २१ जनाको मृत्यु, १४३ जनाको हेलिकप्टरबाट उद्धार

## ११ वटा झोलुङ्गे पुल, छ वटा पक्की पुल र ४३ वटा सडकखण्ड अवरूद्ध

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

असोज ९ देखि ११ गतेसम्म परेको अविरल वर्षासँगै आएको बाढी, पहिरो र डुबानका कारण गण्डकी प्रदेशमा ठूलो जनधनको क्षति भएको छ । विपद्मा परी हालसम्म २१ जनाको मृत्यु भएको तथा केही व्यक्ति अझै बेपत्ता रहेको प्रदेश सरकारले जनाएको छ ।

विपद्मा परेका नागरिकको उद्धार, खोजी, उपचार, राहत तथा पुनर्स्थापना कार्यलाई प्रभावकारी बनाउन प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले तत्कालीन तथा दीर्घकालीन राहत र पुनर्निर्माणका कार्यक्रम अघि बढाउने निर्णय गरेको छ ।

गण्डकी प्रदेशका अनुसार उद्धार तथा राहत कार्यलाई तीव्र बनाउन नेपाली सेनाको समन्वयमा तीन वटा हेलिकप्टर परिचालन गरिएको छ । आइतबार र सोमबार गरी हेलिकप्टरमार्फत १४३ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । घाइतेको उपचार तथा बेपत्ताको खोजी कार्यसमेत जारी रहेको जनाइएको छ ।

बाढी र पहिरोका कारण प्रदेशभरका ११ वटा झोलुङ्गे पुल, छ वटा पक्की पुल र ४३ वटा सडकखण्ड अवरूद्ध भएका छन्। अवरूद्ध सडक तत्काल सञ्चालनमा ल्याउन जिल्लास्थित पूर्वाधार विकास कार्यालयलाई समन्वय गरिएको छ । चाडपर्वको समयमा सडक सम्पर्क विच्छेद हुँदा नागरिकले थप समस्या भोग्नुपर्ने अवस्थालाई ध्यानमा राख्दै वैकल्पिक मार्ग सञ्चालनमा समेत जोड दिइएको छ । जनाएको छ । प्रदेश मातहतका अस्पताललाई आकस्मिक स्वास्थ्य सेवा निरन्तर सञ्चालन गर्न तथा सम्भावित विपद्को अवस्थालाई मध्यनजर गर्दै पूर्ण तयारीमा रहन निर्देशन दिइएको छ ।



परिचालन गरी काम सुरू गरिएको प्रदेश सरकारले जनाएको छ ।

मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर, बेनी-जोमसोम-कोरोला तथा बैँसीसहर-मनाङ सडक सञ्चालनका लागि संघीय सरकारसँग आवश्यक

### मनाङमा चिकित्सक र औषधि पठाइयो

बाढीपहिरोबाट प्रभावित मनाङमा आवश्यक औषधिसहित दुई जना चिकित्सक र एक जना नर्सलाई हेलिकप्टरमार्फत पठाइएको प्रदेश सरकारले

मनाङमा बाढीका कारण सडक, पुल तथा विद्युत् र सञ्चार संरचनामा समेत क्षति पुगेको छ। यसअघि प्राप्त विवरणमा मनाङका विभिन्न क्षेत्रमा घर, काठे पुल तथा कजवेमा क्षति पुगेको र

बाँकी तेश्रो पेजमा

# भिमादमा नियमित एचपीभी खोप अभियानबारे अन्तरक्रिया

**भञ्ज्याङ समाचारदाता/भिमाद**

तनहुँको भिमाद प्राथमिक स्वास्थ्य केन्द्रमा नियमित एचपीभी खोप अभियान-२०८३ लाई प्रभावकारी बनाउने उद्देश्यले सरोकारवालाबीच अन्तरक्रिया गरिएको छ ।

कार्यक्रममा वडा स्तरीय खोप आवश्यकता, खोप सञ्चालनको प्रक्रिया तथा अभियानलाई प्रभावकारी र व्यवस्थित बनाउने उपायबारे छलफल गरिएको थियो।

कार्यक्रममा एचपीभी खोपसम्बन्धी सही र आवश्यक जानकारी समुदायस्तरसम्म पुऱ्याउँदै लक्षित समूहलाई खोपमा सहभागी गराउन स्वास्थ्यकर्मी, शिक्षक, महिला



समन्वय समिति अध्यक्ष तथा भिमाद नगरपालिका-६ का वडाध्यक्ष श्यामसुन्दर जोशी, सदस्यहरु बेलबहादुर थापा, पदमकुमार श्रेष्ठ र कोपिला नेपाली, भीमाद प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डा. सुदन अधिकारी, डा. विपिन अधिकारी, शिक्षक, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, टोल विकास संस्थाका प्रतिनिधिलगायत सरोकारवालाको सहभागिता थियो।

अन्तरक्रियामा नियमित एचपीभी खोप अभियानको स्वास्थ्य स्वयंसेविका तथा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेकोमा जोड दिइएको थियो ।

सरोकारवालाले खोपबारे समुदायमा रहेका भ्रम तथा अन्योल हटाउन तथ्यमा आधारित सूचना प्रवाह गर्नुपर्नेमा समेत जोड दिएका थिए । स्थानीय तह, स्वास्थ्य संस्था, विद्यालय र समुदायबीचको सहकार्यबाट अभियानलाई थप प्रभावकारी बनाउन सकिने सहभागीहरूको भनाइ थियो ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# विपद्पछि राहत र जवाफदेहिता

परेको अविरल वर्षाले फेरि एउटा कठोर वास्तविकता सम्झाएको छ । नेपालमा प्राकृतिक विपद् नयाँ होइन, तर विपद्बाट हुने क्षति कम गर्ने हाम्रो तयारी अझै पर्याप्त छैन । बाढी, पहिरो र डुबानले मानवीय जीवनसँगै घर, सडक, पुल, विद्युत्, सञ्चार र अन्य भौतिक संरचनामा ठूलो क्षति पुऱ्याएको छ । प्रदेश सरकारका अनुसार हालसम्म गण्डकीमा २१ जनाको मृत्यु भएको छ भने केही व्यक्ति अझै बेपत्ता छन् । उद्धारका लागि हेलिकप्टर परिचालनदेखि राहत सामग्री वितरणसम्मका प्रयास भइरहेका छन् । तर विपद्को तत्कालीन व्यवस्थापनसँगै अब एउटा गम्भीर प्रश्न उठ्नुपर्छ– हरेक वर्ष विपद् आएपछि उद्धार र राहतमा मात्रै केन्द्रित हुने कि विपद्को जोखिम नै घटाउने स्थायी उपाय पनि खोज्ने ? विपद्को समयमा राज्यको पहिलो दायित्व नागरिकको जीवन रक्षा गर्नु हो । यस दृष्टिले सुरक्षा निकाय परिचालन, हेलिकप्टरमार्फत उद्धार, स्वास्थ्यकर्मी र औषधि प्रभावित क्षेत्रमा पठाउने तथा विस्थापितलाई सुरक्षित स्थानमा सार्ने कार्य तत्काल आवश्यक छन् । मनाङमा चिकित्सकसहित स्वास्थ्य टोली पठाउनु तथा बागलुङ, मनाङ र पर्वतमा राहत सामग्री पुऱ्याउनु सकारात्मक कदम हुन् । तर यस्ता कदमलाई केवल 'विपद् व्यवस्थापन'को उपलब्धिका रूपमा हेरेर पुग्दैन । विपद् व्यवस्थापनको सफलता कति जनालाई उद्धार गरियो भन्नेमा मात्र होइन, कति मानिसलाई जोखिममा पर्नै नदिइयो भन्नेमा पनि मापन हुनुपर्छ ।

पछिल्लो विपद्ले गण्डकीको पूर्वाधारको संवेदनशीलता पनि उजागर गरेको छ। प्रदेशभर ११ झोलुङ्गे पुल, छ पक्की पुल र ४३ सडकखण्ड अवरूद्ध भएको विवरणले सडक र पुल निर्माणमा जोखिम मूल्यांकन तथा दीर्घकालीन योजना कति महत्वपूर्ण छ भन्ने देखाएको छ । यसअघि पनि वर्षायाममा सडक अवरूद्ध हुने, पुल बग्ने र बस्ती जोखिममा पर्ने घटना दोहोरिँदै आएका छन् । पछिल्लो वर्षामा पनि पृथ्वी राजमार्गलगायत देशका प्रमुख सडकमा पहिरो र बाढीका कारण यातायात प्रभावित भएको देखिएको छ । हामी किन हरेक वर्ष एउटै ठाउँमा सडक पन्छाउँदै, पुल मर्मत गर्दै र अस्थायी संरचना बनाउँदै बसिरहेका छौं ? भौगोलिक जोखिम पहिचान भइसकेका क्षेत्रमा संरचना निर्माणको मापदण्ड कति पालना भएको छ ? सडक विस्तार गर्दा पहाड काट्ने तर त्यसको संरक्षणका लागि आवश्यक संरचना निर्माण नगर्ने प्रवृत्तिको समीक्षा कहिले हुन्छ? नदी किनारमा बस्ती विस्तार, अव्यवस्थित सडक निर्माण र कमजोर भू-उपयोग योजनाले जोखिम बढाएको हो भने त्यसको जिम्मेवारी कसले लिने ?

प्राकृतिक विपद्लाई रोक्न सकिँदैन । तर प्राकृतिक जोखिमलाई मानवीय लापरबाहीका कारण विपत्तिमा बदलिन नदिन सकिन्छ । यहीँबाट सरकार र सम्बन्धित निकायको जवाफदेहिता सुरू हुन्छ । मौसम पूर्वानुमान र पूर्वसूचना प्रणालीलाई स्थानीय तहसम्म प्रभावकारी बनाउनुपर्छ । जोखिमयुक्त बस्तीको पहिचान गरी पूर्वस्थापना योजना बनाउनुपर्छ । स्थानीय नागरिकलाई विपद्को पूर्वतयारी, सुरक्षित स्थान, उद्धार विधि र आपत्कालीन सम्पर्कबारे नियमित जानकारी दिनुपर्छ। गण्डकी सरकारले प्रदेशका ११ वटै जिल्ला विपद् व्यवस्थापन समितिको कोषमा न्यूनतम १० लाख रूपैयाँ र प्रदेश विपद् व्यवस्थापन कोषमा १० करोड रूपैयाँ व्यवस्था गरेको जनाएको छ । यो रकम विपद् आएपछि खर्च गर्न आवश्यक छ । तर त्यत्तिकै महत्वपूर्ण कुरा विपद् आउनुअघि जोखिम न्यूनीकरणमा लगानी गर्नु हो । पहिरो नियन्त्रण, नदी तटबन्ध, जलनिकास, जोखिमयुक्त सडकको सुधार, पुलको सुरक्षा, पूर्वसूचना प्रणाली र सुरक्षित बस्ती विकासमा नियमित बजेट विनियोजन हुनुपर्छ । अर्को महत्वपूर्ण विषय राहतपछि पुनर्स्थापना हो । घरबारविहीन नागरिकलाई घर निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ । तर रकम उपलब्ध गराउनु मात्र पर्याप्त हुँदैन । जुन ठाउँमा पहिरोले घर बगाएको छ, त्यही जोखिमयुक्त ठाउँमा पुनः घर बनाउन प्रोत्साहन गर्नु हुँदैन । पुनर्निर्माणको अर्थ पुरानै जोखिमलाई पुनः निर्माण गर्नु होइन । सुरक्षित स्थानमा व्यवस्थित पुनर्स्थापना, जीविकोपार्जनको व्यवस्था र सामाजिक पुनःएकीकरणलाई पनि पुनर्निर्माणकै हिस्सा मानिनुपर्छ ।

अहिले दशैंलगायतका ठूला चाडपर्व नजिकिँदै छन् । सडक सम्पर्क विच्छेद हुँदा घर फर्कने नागरिकदेखि दैनिक उपभोग्य वस्तुको आपूर्ति र स्वास्थ्य सेवासम्म प्रभावित हुन सक्छ । त्यसैले तत्काल अवरूद्ध सडक खोल्नु आवश्यक छ । तर सडक खुल्यो भन्दैमा काम सकिएको मान्न मिल्दैन । स्थायी समाधानका लागि भूगर्भीय अध्ययन, जलनिकास व्यवस्थापन, पहिरो नियन्त्रण र जोखिमअनुकूल पूर्वाधार निर्माण अनिवार्य छ । विपद्को समयमा राज्यको सक्रियता देखिनु स्वाभाविक हो । असली परीक्षा भने विपद् सकिएपछि सुरू हुन्छ । पीडितले राहत पाए कि पाएनन् ? घर गुमाएकाले सुरक्षित घर पाए कि पाएनन् ? क्षतिग्रस्त सडक र पुल दीर्घकालीन रूपमा सुरक्षित बने कि फेरि अर्को वर्ष बग्ने संरचना बनाइयो ? यिनै प्रश्नले सरकारको कामको मूल्यांकन गर्नेछन् । प्रकृतिले चेतावनी दिएको छ । अब राज्यले त्यसबाट पाठ सिक्ने कि अर्को वर्ष फेरि उही प्रश्न दोहोऱ्याउने– निर्णय सरकारकै हातमा छ ।

# प्राकृतिक विपत्तिको कारक को ? जवाफदेहिता कसले लिने ?

केही दिनयता परेको अविरल वर्षासँगै देशका विभिन्न क्षेत्रमा बाढी, पहिरो र डुबानले जनजीवन अस्तव्यस्त बनेको छ। नदी तथा खोलामा पानीको बहाव बढ्दा बस्ती डुबेका छन्, घर तथा गोठमा क्षति पुगेको छ, सडक भत्किएका छन्, पुल बगेका छन् । कतिपय स्थानमा सडक अवरूद्ध हुँदा एउटा गाउँबाट अर्को गाउँसँगको सम्पर्कसमेत विच्छेद भएको छ । तनहुँ पनि यसबाट अछुतो रहन सकेको छैन । पृथ्वीराजमार्गसहित ग्रामीण सडक, पुलपुलेसा, विद्युत् संरचना तथा बस्तीहरूमा जोखिम बढेको छ ।

यस्ता घटनाले एउटा गम्भीर प्रश्न उठाएको छ– प्राकृतिक विपत्ति किन पटक–पटक दोहोरिन्छ ? यसको कारक के हो? विपत्ति आइसकेपछि राहत र उद्धारमा मात्र सीमित हुने कि विपत्तिको जोखिम घटाउने दीर्घकालीन उपाय पनि खोज्ने? अनुभूति भइरहेको छ । बेमौसममा फूल फुल्ने, समयमा पानी नपर्ने, कतै अत्यधिक वर्षा हुने र कतै लामो समयसम्म खडेरी पर्ने अवस्था देखिन थालेको छ ।

यी केवल मौसमका सामान्य परिवर्तन होइनन् । यी हाम्रो जीवन, कृषि, अर्थतन्त्र, पूर्वाधार, स्वास्थ्य र भविष्यसँग प्रत्यक्ष जोडिएका विषय हुन् ।

यसको एउटा प्रमुख विश्वव्यापी कारण जलवायु परिवर्तन हो । औद्योगिक गतिविधि, जीवाश्म इन्धनको अत्यधिक प्रयोग, वन विनाश तथा अन्य मानवीय क्रियाकलापका कारण वायुमण्डलमा हरितगृह ग्यासको मात्रा बढ्दै गएको छ । यसले पृथ्वीको तापक्रम र जलवायु प्रणालीमा परिवर्तन ल्याइरहेको छ ।

नेपालजस्तो भौगोलिक रूपमा संवेदनशील देशमा यसको प्रभाव अझ गम्भीर हुन सक्छ । हिमनदी पग्लिनेदेखि बेवास्ता गर्ने प्रवृत्ति बढेको छ । पर्याप्त वातावरणीय तथा भूगर्भीय अध्ययन नगरी डोजर र स्काभेटर प्रयोग गरेर सडक निर्माण गर्दा माटो खुकुलो हुने, भूक्षय बढ्ने, पानीको प्राकृतिक बहाव परिवर्तन हुने र पहिरोको जोखिम बढ्ने सम्भावना रहन्छ ।

सडक चाहिन्छ । पुल चाहिन्छ । विद्युत्, खानेपानी, सञ्चार र अन्य पूर्वाधार पनि चाहिन्छ । विकासबिना समाज अघि बढ्न सक्दैन। तर विकासको अर्थ प्रकृतिको विनाश भने होइन ।

भौगोलिक अवस्था, वातावरणीय संवेदनशीलता, जलाधार क्षेत्र, नदीको बहाव, भूगर्भीय संरचना र स्थानीय जोखिमको वैज्ञानिक अध्ययन गरेर मात्रै पूर्वाधार निर्माण गर्नुपर्छ । आज निर्माण गरिएको सडकले तत्काल सुविधा दिए पनि त्यसकै कारण भोलि पहिरो, कटान वा बाढीको जोखिम बढ्छ भने त्यस्तो




हामीले यी प्रश्नमा गम्भीर भएर सोच्ने बेला आएको छ ।

प्राकृतिक विपत्ति पूर्ण रूपमा मानिसको नियन्त्रणमा हुँदैन । बाढी, पहिरो, भूकम्प, अतिवृष्टि वा खडेरीजस्ता घटना प्राकृतिक प्रक्रियाका हिस्सा हुन् । तर पछिल्ला वर्षहरूमा यस्ता घटनाबाट हुने क्षति र जोखिम बढ्दै जानुमा प्राकृतिक कारणसँगै मानवीय गतिविधिको भूमिका पनि महत्वपूर्ण रहेको देखिन्छ ।

शताब्दी पुरूष स्वर्गीय सत्यमोहन जोशीको एउटा लेख पढेको सम्झना छ। उहाँले विगतको वर्षालाई स्मरण गर्दै आफ्नो पालामा दसौँ–एघारौँ दिनसम्म लगातार झरी परे पनि अहिलेको जस्तो छोटो समयमा बाढी र पहिरोको भयावह अवस्था नदेखिने आशय व्यक्त गर्नुभएको थियो । उहाँको त्यो स्मरणले विगत र वर्तमानको प्राकृतिक अवस्थाबीच आएको परिवर्तनबारे सोच्न बाध्य बनाउँछ ।

आज हामीले अनुभव गरिरहेका मौसमजन्य परिवर्तनका संकेतहरु अनेक छन् । हिमालमा हिउँ टिक्ने अवधि घट्दै गएको छ । हिमनदी पग्लिने क्रम बढेको छ । हिमताल फुट्ने जोखिम बढिरहेको छ। गर्मीको अवधि र तीव्रता बढ्दै गएको हिमतालमा पानीको मात्रा बढ्ने, अतिवृष्टि, अनावृष्टि, खडेरी, बाढी र पहिरोजस्ता चरम मौसमी घटनाको जोखिम बढ्न सक्छ । केही दिनयता नेपालका विभिन्न क्षेत्रमा देखिएको बाढी, पहिरो र डुबानको अवस्थाले पनि विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीलाई अब प्राथमिकतामा राख्नुपर्ने आवश्यकता देखाएको छ ।

जलवायु परिवर्तनमा नेपालको योगदान विश्वका ठूला औद्योगिक राष्ट्रहरूको तुलनामा अत्यन्त न्यून भए पनि यसको प्रभाव नेपालले भोगिरहेको छ । त्यसैले अन्तर्राष्ट्रिय तहमा 'जलवायु न्याय'को प्रश्न उठ्नु स्वाभाविक हो । नेपालले जलवायु वित्त, अनुकूलन तथा जलवायुजन्य क्षतिका लागि अन्तर्राष्ट्रिय सहयोग र न्यायोचित स्रोत परिचालनको माग गर्दै आएको छ र त्यसलाई थप प्रभावकारी बनाउन आवश्यक छ ।

तर समस्या यत्तिमै सीमित छैन ।

हामीले आफ्नै विकास पद्धतिलाई पनि गम्भीरतापूर्वक समीक्षा गर्नुपर्छ ।

विकासका नाममा डाँडाकाँडा फोर्ने, जथाभावी सडक खन्ने, वन तथा प्राकृतिक भू-बनोटमा अत्यधिक हस्तक्षेप गर्ने र नदी तथा खोलाको प्राकृतिक बहावलाई विकासमाथि प्रश्न उठ्नु स्वाभाविक हुन्छ।

अहिले तनहुँका विभिन्न क्षेत्रमा देखिएको अवस्था यसतर्फ गम्भीर संकेत हो। लगातारको वर्षाका कारण नदी तथा खोलाको बहाव बढेको छ। कतिपय स्थानमा पहिरो खसेर सडक अवरूद्ध भएका छन्। घर तथा बस्ती जोखिममा परेका छन्। सडक, पुल, विद्युत् तथा अन्य भौतिक संरचनामा क्षति पुगेको छ। यस्तो अवस्थामा स्थानीय तह, सुरक्षा निकाय र प्रशासनले उद्धार तथा राहतमा सक्रियता देखाउनु आवश्यक छ। तर त्यससँगै विपद्को कारण, जोखिमको प्रकृति र भविष्यमा क्षति घटाउने उपायबारे पनि अध्ययन आवश्यक छ ।

प्राकृतिक विपत्तिलाई केवल 'प्रकृतिको दोष' भनेर पन्छिन मिल्दैन । जलवायु परिवर्तनका विश्वव्यापी कारण र स्थानीय मानवीय गतिविधि दुवैलाई सँगसँगै हेर्नुपर्छ। वन विनाश, अव्यवस्थित सडक निर्माण, नदी–खोलाको प्राकृतिक बहावमा अवरोध, जोखिमयुक्त क्षेत्रमा बस्ती विस्तार तथा वातावरणीय मापदण्डको कमजोर कार्यान्वयनले विपत्तिको प्रभावलाई थप गम्भीर बनाउन सक्छ ।

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
काममा सफलता मिल्नेछ। आत्मविश्वास बढ्नेछ। नयाँ योजना बन्ने सम्भावना छ। सम्बन्धमा प्रगति हुनेछ।

**वृष**
वित्तीय पक्ष बलियो बन्नेछ। सामाजिक प्रतिष्ठा बढ्नेछ। परिवारमा खुशियाली छाउनेछ।

**मिथुन**
मनमा द्विविधा आउन सक्छ। साथीभाइबाट साथ पाउने दिन। सोचेर बोल्नुहोला । खर्चमा ध्यान दिनु पर्नेछ।

**कर्कट**
रोकिएको काम बन्नेछ। नयाँ स्रोतबाट लाभ मिल्ने सम्भावना छ। प्रेमसम्बन्ध प्रगाढ हुनेछ।

**सिंह**
कर्मक्षेत्रमा प्रशंसा पाइनेछ। आत्मबल बढ्नेछ। घरपरिवारमा खुसी फैलिनेछ। आर्थिक सुधार देखिनेछ।

**कन्या**
यात्रा सफल हुनेछ। अध्ययन र प्रतिस्पर्धामा सफलता मिल्नेछ। नयाँ ज्ञान प्राप्ति हुने दिन हो।

**तुला**
मनमा असन्तोष बढ्न सक्छ। तर साथीको सहयोगले समस्या समाधान हुनेछ। धैर्य अपनाउनु राम्रो।

**वृश्चिक**
प्रेम र मित्रताको सम्बन्ध अझ बलियो बन्नेछ। घर परिवारमा सुखद समाचार सुन्न पाइनेछ।

**धनु**
नयाँ योजना सफल बन्न सक्छ। जागिर वा व्यवसायमा सुधार आउनेछ। मन प्रसन्न रहला। संयम जरूरी छ।

**मकर**
परिश्रम अनुसारको फल पाइन सक्छ। आफन्तसँग दूरी बढ्न सक्छ। काममा बाधा आउन सक्छ।

**कुम्भ**
कानूनी वा सरकारी कार्यमा सफलता मिल्नेछ। आत्मबल र इच्छाशक्ति बढ्नेछ। पुराना समस्या समाधान हुनेछन्।

**मीन**
पारिवारिक सहकार्यमा सफलता मिल्नेछ। मिष्ठान्न भोजनको योग छ। व्यापारमा लाभ सम्भावना।

# गण्डकीमा बाढीपहिरोको कहर : २१ .......

कतिपय स्थान सडक सम्पर्कबाट विच्छेद भएको जनाइएको थियो ।

**तीन जिल्लामा राहत सामग्री**

बाढीपहिरोका कारण विस्थापित नागरिकलाई तत्काल राहत तथा सुरक्षित आवासको व्यवस्था गर्न जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको छ ।

प्रदेश सरकारले आवश्यकताका आधारमा बागलुङ, मनाङ र पर्वतमा त्रिपाल, टेन्ट तथा स्वास्थ्य सामग्री पठाएको जनाएको छ । बागलुङमा पछिल्लो विवरणअनुसार पहिरोमा परी १० जनाको मृत्यु र एक जना बेपत्ता भएको जिल्ला प्रहरीको जानकारी सार्वजनिक भएको छ ।

**११ जिल्लाको विपद् कोषमा कम्तीमा १० लाख**

विपद् व्यवस्थापनका लागि प्रदेशका ११ वटै जिल्ला विपद् व्यवस्थापन समितिको कोषमा न्यूनतम १० लाख रूपैयाँ नघट्ने गरी बजेट व्यवस्था गरिएको छ । प्रदेश विपद् व्यवस्थापन कोषमा भने १० करोड रूपैयाँ विनियोजन गरिएको प्रदेश सरकारले जनाएको छ । तत्काल आवश्यक पर्ने खर्च प्रदेश विपद् व्यवस्थापन कोषबाट गर्न र कोषको रकम खर्च भएपछि आवश्यकताअनुसार पुनः रकम माग गरी व्यवस्थापन गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएको छ।

**क्षतिग्रस्त घर पुनर्निर्माणमा साझेदारी**

बाढीपहिरोका कारण घरबारविहीन भएका नागरिकले निजी आवास निर्माणका लागि सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिमा जानकारी गराउनुपर्नेछ ।

स्थानीय तहबाट प्राप्त विवरणका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा रहेको निजी आवास निर्माणसम्बन्धी संयुक्त कोषबाट तोकिएको मापदण्डअनुसार घर निर्माणका लागि रकम निकासा गरिने प्रदेश सरकारले जनाएको छ ।

प्रदेश सरकारले जिल्लास्थित पूर्वाधार, खानेपानी तथा सरसफाइ, सिँचाइ, स्वास्थ्य, अस्पताल, कृषि तथा भेटेरिनरीलगायत कार्यालयलाई आ˜नो कार्यक्षेत्रमा विपद्पछि तत्काल गर्नुपर्ने काम अघि बढाउन निर्देशन दिएको छ ।

लगातारको वर्षापछि गण्डकीका बागलुङ, म्याग्दी, पर्वत र मनाङलगायत जिल्लामा ठूलो क्षति भएको छ । प्रारम्भिक विवरणमा घर, सडक, पुल, विद्युत् तथा सञ्चार संरचनामा समेत क्षति पुगेको जनाइएको छ ।

प्रदेश सरकारले विपद्को कठिन अवस्थामा नागरिकको जीवन रक्षा, उद्धार, उपचार, राहत तथा पुनर्स्थापनालाई प्राथमिकतामा राख्दै क्षतिग्रस्त सडक तथा भौतिक पूर्वाधार शीघ्र सञ्चालन, विस्थापितको पुनर्स्थापना र क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा संघ, स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित निकायसँग समन्वय गर्ने जनाएको छ ।



**पहिरोले घर जोखिममा :** तनहुँको बन्दीपुर गाउँपालिका-४ ठूलढुङ्गामा पहिरोले जोखिममा परेको दुईतले पक्की घर । सोमबार साँझ करिब ५ बजे भोजराज थापाको घरको पछाडिबाट पहिरो खसेपछि घर जोखिममा परेको हो । पहिरोबाट मानवीय क्षति भने भएको छैन । घरमा बस्दै आएका चार जना परिवारका सदस्यहरु सुरक्षित स्थानमा सारिएको प्रहरी चौकी डुम्रे जानकारी गराएको छ । *तस्विर : भञ्ज्याङ*

# प्राकृतिक विपत्तिको .....

त्यसैले अब विपत्ति आएपछि मात्र राहत र उद्धारमा केन्द्रित हुने सोचबाट बाहिर निस्कनुपर्छ। विपत्ति आउनुअघि नै जोखिम पहिचान गर्ने, सम्भावित क्षतिको आकलन गर्ने र पूर्वतयारी गर्ने प्रणाली विकास गर्नुपर्छ ।

नदी, पहिरो, हिमताल, वन, भूगर्भ र मौसमसम्बन्धी वैज्ञानिक अध्ययनलाई प्राथमिकता दिनुपर्छ। जोखिमयुक्त बस्तीको पहिचान गरी आवश्यक ठाउँमा सुरक्षित स्थानान्तरणको योजना बनाउनुपर्छ। पूर्वसूचना प्रणालीलाई स्थानीय समुदायसम्म प्रभावकारी रूपमा पुऱ्याउनुपर्छ । सडक, पुल, तटबन्ध तथा अन्य संरचना निर्माण गर्दा जोखिम र जलवायु परिवर्तनलाई ध्यानमा राखेर डिजाइन गर्नुपर्छ । वातावरणीय प्रभाव मूल्याङ्कनलाई औपचारिक प्रक्रियामा मात्र सीमित नगरी व्यवहारमै लागू गर्नुपर्छ ।

स्थानीय समुदायलाई पनि विपद् व्यवस्थापनसम्बन्धी ज्ञान, सीप र पूर्वतयारीबारे नियमित रूपमा प्रशिक्षित गर्न आवश्यक छ। विपद् व्यवस्थापनमा स्थानीय तह, प्रदेश र संघीय सरकारबीच प्रभावकारी समन्वय हुनुपर्छ ।

अन्ततः प्रश्न यही हो– प्रकृतिले मात्र हामीलाई दुःख दिइरहेको हो कि प्रकृतिमाथि हाम्रो बढ्दो हस्तक्षेपले विपत्तिको जोखिमलाई अझ भयावह बनाइरहेको हो ?

यसको उत्तर भावनाबाट होइन, विज्ञान र अनुसन्धानबाट खोजिनुपर्छ । दोषारोपणभन्दा तथ्य र अध्ययन आवश्यक छ। राहतभन्दा पूर्वतयारी आवश्यक छ। पूर्वाधार निर्माणभन्दा पहिले जोखिमको मूल्याङ्कन आवश्यक छ । र विकासको परिभाषासँगै प्रकृतिसँगको हाम्रो सम्बन्धबारे पनि पुनर्विचार आवश्यक छ ।

प्राकृतिक विपत्तिलाई पूर्ण रूपमा रोक्न नसकिएला। तर विपत्तिबाट हुने मानवीय क्षति र भौतिक विनाशलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिन्छ। त्यसका लागि वैज्ञानिक अनुसन्धान, वातावरणमैत्री विकास, जिम्मेवार शासन, प्रभावकारी पूर्वसूचना प्रणाली र जनचेतना अपरिहार्य छन् ।

अब समय आएको छ– प्रकृतिलाई जित्ने होइन, प्रकृतिसँग सहअस्तित्व कायम गर्दै विकासको बाटो रोज्ने ।

प्रश्न केवल 'विपत्ति किन आयो?' भन्ने होइन ।

प्रश्न यो पनि हो– 'विपत्ति आउँदैछ भन्ने संकेत हुँदाहुँदै त्यसबाट हुने क्षति कम गर्न हामीले के गर्‍यौँ ?'

र अर्को प्रश्न अझ महत्वपूर्ण छ–'विकासका नाममा प्रकृतिमाथि गरिएका हाम्रा हस्तक्षेपको जवाफदेहिता कसले लिने ?'

# नेपाली कांग्रेसको १५औं ........

अन्तिम नामावली प्रकाशन गर्ने कार्यतालिका सार्वजनिक गरिएको थियो ।

यस्तै, आज मंगलबार बिहान ८ बजेदेखि दिउँसो २ बजेसम्म मतदान हुने बताइएको छ । क्षेत्र नं. १ को मतदान दमौली सभाहल र क्षेत्र नं. २ को मतदान बेलचौतारा सामुदायिक भवनमा हुने तय गरिएको छ । मतदान सकिएलगत्तै मतगणना गरी परिणाम घोषणा गर्ने कार्यक्रम तय गरिएको छ ।

मौसम प्रतिकूलताका कारण यसअघि असोज १० गतेका लागि तय गरिएको क्षेत्रीय अधिवेशनको मिति परिवर्तन गरी तनहुँमा असोज १२ र १३ गते गर्ने तयारी गरिएको थियो । कांग्रेस केन्द्रीय निर्वाचन समितिले प्रतिकूल मौसम भएका क्षेत्रमा सम्बन्धित जिल्ला तथा क्षेत्रीय कार्यसमितिसँग समन्वय गरी असोज १३ गतेभित्र प्रदेश तथा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन सम्पन्न गर्न निर्देशन दिएको छ ।

तनहुँमा काठमाडौंलगायत विभिन्न स्थानमा रहेर राजनीति गर्दै आएका नेतादेखि जिल्ला समितिका पदाधिकारी तथा सदस्य, वडा तहका नेताहरु र स्थानीयस्तरका आकांक्षीहरु महाधिवेशन प्रतिनिधिका लागि मैदानमा उत्रिएका छन् ।

क्षेत्रीय अधिवेशनले आगामी केन्द्रीय महाधिवेशनका लागि तनहुँबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि चयन गर्ने भएकाले कांग्रेसभित्रको आन्तरिक राजनीतिक गतिविधि अहिले प्रतिनिधि छनोटमा केन्द्रित भएको छ । नेपाली कांग्रेसको १५औँ महाधिवेशन असोज १६ देखि १९ गतेसम्म हुने केन्द्रीय निर्वाचन समितिले जनाएको छ ।

**प्रतिनिधि छनोटसँगै बढ्दैछ आन्तरिक प्रतिस्पर्धा**

यस्तै, क्षेत्रीय अधिवेशनमा महाधिवेशन प्रतिनिधि बन्ने आकांक्षीको संख्याले तनहुँ कांग्रेसभित्र आन्तरिक प्रतिस्पर्धा पनि तीव्र हुने देखिएको छ । विभिन्न क्लस्टर तथा समूहबाट आकांक्षीहरूले उम्मेदवारी दर्ता गराई आफ्नो पक्षमा समर्थन जुटाउने प्रयास गरिरहेका छन् ।

यसअघि वडा र पालिका तहमा बनेका समीकरण, सहमति र नेतृत्व चयनको प्रभाव क्षेत्रीय अधिवेशनमा समेत पर्न सक्ने भएकाले प्रतिनिधि छनोटलाई कांग्रेसको आगामी जिल्ला तथा केन्द्रीय नेतृत्वका लागि महत्वपूर्ण चरणका रूपमा हेरिएको छ ।

यससँगै तनहुँ कांग्रेसको अबको राजनीतिक गतिविधि १० पालिकाबाट प्रतिनिधिसभाका दुई निर्वाचन क्षेत्रतर्फ सरेको छ । क्षेत्रीय अधिवेशनबाट चयन हुने प्रतिनिधि र क्षेत्रीय नेतृत्वले असोज १६ देखि १९ गतेसम्म हुने १५औँ महाधिवेशनमा तनहुँको प्रतिनिधित्व गर्नेछन् ।

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**असोज १७ गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**बन्दीपुर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बन्दीपुर, तनहुँ । गण्डकी प्रदेश**

## आ.व. २०८३/०८४ को आन्तरिक आयको ठेक्का सम्बन्धी शिलबन्दी दरभाउपत्रको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०६/१२ गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बन्दीपुर गाउँपालिकाको आर्थिक ऐन, २०८३, प्राकृतिक स्रोत तथा वातावरण संरक्षण ऐन, २०७६, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (सोह्रौ संशोधन २०८३ सहित), बन्दीपुर गाउँपालिका राजस्व परामर्श समितिको मिति २०८३/०४/०७ को निर्णय, बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३/०४/१२ र मिति २०८३/०४/२७ को निर्णय बमोजिम बन्दीपुर गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहायका शिर्षकहरूमा आ.व. २०८३/०८४ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरूले आ.व. २०८३/०८४ को फर्मको नवीकरण भएको प्रमाण–पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धिकर दर्ता प्रमाण–पत्रको प्रतिलिपी, आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी सहित निवेदन संग्लन गरी उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पेश गरी तपसिल वमोजिमको शर्तहरूको अधिनमा रहि सिलवन्दी दरभाउपत्र प्रक्रियामा सहभागि हुने सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| आय ठेक्का नं. | विवरण | न्युनतम अंक रु. (भ्याट र टिडिएस वाहेक) | दरभाउपत्र जमानत रकम (धरौटी रकम) | दरभाउपत्र फारम दस्तुर रु. (फिर्ता नहुने) | कैफियत |
|---|---|---|---|---|---|
| BRM/IR/02/ 2083/084 | बन्दीपुर बसपार्क संचालन तथा व्यवस्थापन कार्य | १,००,०००/- एक लाख मात्र। | मु.अ.कर. समेतको कबोल अंकको ५% | १,०००/- | |
| BRM/IR/03/ 2083/084 | शिद्धगुफामा पर्यटक प्रवेश शुल्क संकलन गर्ने कार्य | ६,००,०००।- छ लाख मात्र | | | |

१. दरभाउपत्र फारम सूचना प्रकाशित भएको मितिले ७औं दिन (२०८३/०६/१९ गते) सम्म कार्यालय समय भित्र रू. १०००/– (फिर्ता नहुने गरी) तोकिएको दस्तुर तिरी यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ । यस कार्यालयबाट खरिद भएका दरभाउपत्र फारमहरू भरी सिलबन्दी गरी ८औं दिन (२०८३/०६/२० गते) दिउँसो १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । नियमानुसार दर्ता हुन आएका दरभाउपत्रहरू सोहि दिन दिनको १:०० बजे यस कार्यालयमा दरभाउपत्रदाताहरू समेतको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद, पेश वा खोल्ने दिन बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरू हुनेछ ।

२. यस कार्यालयबाट प्रमाणित भएको दरभाउपत्र फारम दरभाउपत्रदाता स्वयं वा रितपुर्वकको लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ ।

३. विस्तृत विवरण बन्दीपुर गाउँपालिकाको वेभसाईट www.bandipurmun.gov.np मा राखिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९





**सिमलतालमा सडक भासियो :** मुग्लिन–नारायणगढ सडकखण्ड न्तर्गत सिमलताल (सिएच २४+१००)मा सडकको करिब ७० मिटर भाग भासिएपछि सडकमा एकतर्फी यातायात सञ्चालन गरिएको छ । सडक डिभिजन कार्यालय भरतपुरका अनुसार सडक भासिएसँगै आवागमन प्रभावित भएकाले उक्त सडकखण्डमा यात्रा गर्ने यात्रुले सावधानी अपनाउन तथा लेन अनुशासन पालना गर्न आग्रह गरिएको छ ।

*तस्विर सौजन्य : सडक डिभिजन कार्यालय, भरतपुर/भञ्ज्याङ*

# तनहुँको बेलचौतारामा नेपथ्यको कन्सर्ट

भञ्ज्याङ समाचारदाता/दुलेगौडा

चर्चित सांगीतिक ब्याण्ड नेपथ्य तनहुँमा गुञ्जने भएको छ । मंसिर १२ गते तनहुँको शुक्लागण्डकीमा नेपथ्यको कन्सर्ट हुन लागेको हो। लायन्स क्लब अफ शुक्लागण्डकीले 'गण्डकीको सुस्केरामा नेपथ्यको धुनः नेपथ्य लाइभ इन शुक्लागण्डकी' गर्न लागेको हो । भानुभक्त बहुमुखी क्याम्पस बेलचौताराको खेलमैदानमा नेपथ्य गुञ्जनेछ।

सोमबार पत्रकार सम्मेलन आयोजना गरी कार्यक्रमबारे जानकारी गराउँदै आयोजकले शुक्लागण्डकीको भूमिमा ऐतिहासिक सांगीतिक क्षण बन्ने दाबी गरेको छ । सो अवसरमा प्रचारप्रसारका लागि 'गण्डकीको सुस्केरामा नेपथ्यको धुनः नेपथ्य लाइभ इन शुक्लागण्डकी' कार्यक्रमको टिसर्ट सार्वजनिक गरियो ।

लायन्स इन्टरनेशनलको 'पढाउ' अभियान अन्तर्गत शिक्षा क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले सांगतिक कार्यक्रम आयोजना गरेको कार्यक्रम संयोजक खुमबहादुर विक 'राजु'ले बताए। विकका अनुसार, 'कन्सर्टमा १० हजार बढी संगीतप्रेमीहरू झुम्नेछन्, नेपथ्य को स्वरमा स्वर मिसाउदैं छमछमी नाच्नेछन्।' एक करोड रूपैयाँ बराबरको कारोबार हुने उनले जानकारी दिए। 'बचत रकम लायन्स क्लब इन्टरनेशनल ३२५ एमको मूल मन्त्र




'पढाउ' अभियानलाई सार्थक बनाउन शिक्षा क्षेत्रको विकासमा खर्च गरिनेछ', उनले भने ।

बचत रकमले विपन्न वर्गका विद्यार्थीहरूलाई छात्रवृत्ति, शैक्षिक सामग्री र पोसाक वितरण गर्ने लक्ष्य रहेको उल्लेख गरिएको छ। 'हामी संगीतको माध्यमबाट विद्यार्थी तथा युवापुस्तालाई सकारात्मक र सिर्जनात्मक गतिविधिसँग जोड्न चाहान्छौं, कार्यक्रम संयोजक विकले भने, 'संगीतको धुनमार्फत सामाजिक एकता र सद्भावलाई प्रवर्द्धन गर्ने, शुक्लागण्डकीलाई सांगीतिक गन्तव्यको रूपमा स्थापित गर्नेछौं।' स्थानीय व्यवसाय, पर्यटन क्षेत्रलाई चलायमान बनाउन सहयोग गर्ने तथा लायन्स क्लबको सामाजिक सेवामुखी अभियानलाई थप प्रभावकारी बनाउने उदेश्य राखिएको उनले बताए ।

संगीत केवल मनोरञ्जनको माध्यम मात्र नभई समाजलाई जोड्ने, सकारात्मक सन्देश प्रवाह गर्ने र सामाजिक अभियानलाई उकास्ने एक प्रभावकारी माध्यम भएको उनले सुनाए। त्यही माध्यमले तनहुँसहित कास्की, स्याङ्जा, लमजुङ, गोरखा, पाल्पा र आसपासका तमाम संगीतप्रेमी, विद्यार्थी, युवा, व्यवसायी, उद्यमी, पेसाकर्मी तथा सर्वसाधारणलाई एउटै सांगीतिक मञ्चमा जोड्ने संयोजक विकले दाबी गरे ।

पत्रकार सम्मेलनमा बोल्दै शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले कार्यक्रमले संगीतप्रेमीको मन जोड्न भूमिका खेल्ने बताए। 'स्थानीय तहको हैसियतमा गर्नूपर्ने सहयोग गर्नेछौं । अहिलेका युवासँग संगीतमा मात्रै होइन विकास निर्माणमा पनि हातेमालो गरेर अगाडि बढ्नेछौं', उनको भनाइ थियो। युवाहरू नविन सोंचका साथ अगाडि बढिरहेको उनले बताए ।

भिमाद नगरपालिकाका प्रमुख दधिराज सुवेदीले कार्यक्रम आयोजनापूर्व नै बचत रकम शिक्षा क्षेत्रमा लगानी गर्ने उद्घोषले सकरात्मक सन्देश प्रवाह गरेको बताए । म्याग्दे गाउँपालिका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले संगीत क्षेत्रका अग्रज र उदयमानलाई कार्यक्रमले उत्साह थप्ने बताए ।

लायन्स क्लब अफ शुक्लागण्डकीका अध्यक्ष देवेन्द्रबहादुर ढुंगानाले आफूहरूले ऐतिहासिक क्षणको तारतम्य मिलाउने प्रयास मात्रै गरेको बताए । 'अब यो कार्यक्रमलाई अझ धेरै ऐतिहासिक र भव्य तरिकाले सम्पन्न गराउने जिम्मेवारी तपाईंहरूलाई नै सुम्पिएका छौं', उनले भने, 'हामीलाई आशा छ, जसरी आज यहाँहरूले उत्साहपूर्ण साथ दिनुभएको छ त्यसरी नै कार्यक्रम सम्पन्नपश्चात पनि साथ पाउनेछौं ।' आगामी बर्षहरूमा पनि यस्तै ऐतिहासिक क्षणको साक्षी बस्ने वातावरण मिलाउने प्रतिबद्धता जनाए।

पत्रकार सम्मेलनमा शुक्लागण्डकी नगरपालिका–५ का वडाध्यक्ष दीर्घबहादुर थापा, क्लबका सचिव सुरेश पौडेल, प्रचारप्रसार संयोजक शंकर पन्त लगायतले बोलेका थिए ।

सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा वढी यात्रु नचढौं/ नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

facebook twitter



**Bishnu Rijal**
x.com/bishnurijal1

इतिहास उही त दोहोरिँदैन तर उस्तै–उस्तै चाहिँ दोहोरिँदोरहेछ ।
सन् १८५१ मा जंगबहादुर राणा बेलायत भ्रमणबाट फर्केपछि 'आफ्नाविरूद्ध षड्यन्त्र गरी हत्या गरेर शासन सत्ता कब्जा गर्न लागेको' भनेर आफ्नै भाइ बद्रीनरसिंह राणालाई पक्राउ गरी थुनेका थिए ।
१७५ बर्षपछि सन् २०२६ मा प्रधानमन्त्री बालेन्द्र शाहले अमेरिका भ्रमणबाट फर्किनासाथ 'आफ्नो सत्ता ढाल्न लागेको' भन्दै तिनै बद्रीनरसिंह राणाका भाइ धीर शमशेर खलकका चोलेन्द्र शमशेर जबरालाई पक्राउ गरेर केरकार गरे ।
धन्न बालेन्द्र शाहले लामो समय थुनेनन्, १२ घण्टामै छाडिदिए ।
त्यतिबेला त जंगबहादुरलाई उनकै भाइ बमबहादुरले पोल लगाएका थिए। अहिले कसले लगाएछ कुन्नि? जो भए पनि पोल लगउने चाहिँ कमजोर परेछ ।



**Dhruba H. Adhikary**
x.com/dhrubahari

सिंगापुर र स्वीडेन लगायतका केही देश पुस्तक पढ्ने र पाठ्यपुस्तक पछ्याउने चलनलाई पुनः प्रोत्साहन गर्न थालेका खबर पढ्ने गर्छौं। तर तिनको अनुभवबाट सिकौं भन्ने प्रयत्न भने हामीमा छैन ।
वास्तवमा यसका लागि नेपालीले बाहिरबाट सिकिरहन पनि नपर्ने अवस्था छ। हाम्रै स्थापित मान्यता छन्, जस्तैः–
श्लोकेन वा तदर्द्धेन तदर्द्धार्द्धक्षरेण वा।
अवन्ध्यं दिवसं कुर्याद् दानाध्ययनकर्मभि।।
अर्थात्–
एक श्लोक वा आधा श्लोक वा आधा श्लोकको आधा भएपनि प्रतिदिन पढ्नु उचित छ । यसप्रकार दान, विद्याध्ययन आदि कर्महरूले दिन बिताउनु पर्छ। (स्रोतः चाणक्यनीति–दर्पण । अनुवादकः तुलसीराम आचार्य; प्रकाशक दुर्गा साहित्य भण्डार, वाराणसी। सन् १९९४)

# इन्स्पेक्टर सुवेदी गण्डकी प्रदेशका उत्कृष्ट प्रहरी

भञ्ज्याङ समाचारदाता/तनहुँ

इलाका प्रहरी कार्यालय आबुखैरेनीका कार्यालय प्रमुख इन्स्पेक्टर प्रदीप सुवेदी भदौ महिनाको गण्डकी प्रदेशका उत्कृष्ट प्रहरी घोषित भएका छन् । प्रदेश प्रहरी प्रमुख डीआईजी दीपेन्द्र घर्ती क्षेत्रीद्वारा उत्कृष्ट प्रहरी (पुलिस अफ दी मन्थ)का रूपमा उनलाई पुरस्कृत गरेका हुन् ।



इन्स्पेक्टर सुवेदीले भोटेकोशी बाढीपछि ३८ वटा शव निकाल्ने कामको सफल कमाण्ड सम्हालेका थिए । उनले फरार प्रतिवादी पक्राउ, जघन्य अपराधको सफल अनुसन्धान तथा समुदायमा प्रहरी जनचेतना अभिवृद्धिमा उल्लेख्य भूमिका खेलेका कारण पुलिस अफ दी मन्थ घोषणा गरिएको डीआईजी घर्तीद्वारा हस्ताक्षरित प्रमाणपत्रमा उल्लेख छ ।

२०७४ सालमा प्रहरी सेवामा प्रवेश गरेका इन्स्पेक्टर सुवेदीले धनुषाको इलाका प्रहरी कार्यालय ढल्केबरको कमाण्ड गरिसकेका छन्। उनले जिल्ला प्रहरी कार्यालय सोलु, काठमाडौंस्थित प्रहरी वृत्त दरबारमार्ग, लैनचौर र प्रहरी प्रशिक्षण प्रतिष्ठानमा विभिन्न जिम्मेवार निर्वाह गरिसकेका छन्।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः** ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४